# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ ३२ गते २०२२ साल

**श्री ५ को सरकार**

### उद्योग वाणिज्य मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको पाटन औद्योगिक क्षेत्र ऋण व्यवस्था नियमहरू, २०२२ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

विकास समिति ऐन, २०१३ समय समयमा भएका (संशोधनहरूसहित) को दफा ५ को उप-दफा (३) अन्तर्गत औद्योगिक विकास समितिले श्री ५ को सरकारको स्वीकृति लिई देहायका नियमहरू बनाएको छः-

१. संक्षिप्त नाम र प्रारम्भः-(१) यी नियमहरूको नाम पाटन औद्योगिक क्षेत्र ऋण व्यवस्था नियमहरू, २०२२ रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारभ हुनेछन् ।

(३) यी नियमहरू पाटन औद्योगिक कामको सम्बन्धमा मात्र लागू हुने छन् ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः-

(क) "उप-समिति" भन्नाले यी नियमहरूअन्तर्गत गठन गरिएको पाटन औद्योगिक क्षेत्र ऋण उप-समिति सम्झनु पर्छ,

(ख) "ऐन" भन्नाले विकास समिति ऐन, २०१३ समय समयमा भएका संशोधनहरूसहित सम्झनु पर्छ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "क्षेत्र" भन्नाले श्री ५ को सरकारको पाटन औद्योगिक क्षेत्र सम्झनुपर्छ,

(घ) "समिति" भन्नाले ऐन अन्तर्गत गठन गरिएको औद्योगिक विकास समिति सम्झनु पर्छ,

(ङ) "उद्योग" भन्नाले पाटन औद्योगिक क्षेत्रभित्रको उद्योग सम्झनु पर्छ।

३. उप-समितिको गठनः– (१) यी नियमहरूको प्रयोजनको निमित्त पाटन औद्योगिक क्षेत्र ऋण उप–समिति नामको एक उप–समिति गठन गरिने छ। त्यसमा देहायबमोजिमका अध्यक्ष र सदस्य रहने छन्ः–

(क) क्षेत्रको मैनेजर, अध्यक्ष

(ख) समितिको सदस्य तथा सचिवले खटाएको व्यक्ति सदस्य ।

(ग) क्षेत्रको ऋण-फांटको अफिसर सदस्य तथा सचिव ।

(२) नेपाल औद्योगिक विकास कर्पोरेशनको फाइनान्स डिभिजनको चीफ उप–समितिको सल्लाहकार हुने छ । उप–समितिले समय समयमा अरू पनि सल्लाहकार तोक्न सक्ने छ।

४. उप–समितिको कर्तव्य र अधिकारः–(१) समितिको नाम समितिको तर्फबाट क्षेत्रभित्रका उद्योगहरूलाई समय समयमा ऋणहरू दिई उद्योगहरूलाई प्रोत्साहन र बढावा दिने काम उप–समितिको हुने छ ।

(२) उप–नियम (१) को प्रयोजनको निमित्त उप–समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छः–

(क) क्षेत्रभित्र नयां उद्योग खोल्न र चलिरहेको उद्योगहरूलाई प्रोत्साहन र बढावा दिनको निमित्त आवश्यक देखिएका न्यूनतम ऋणहरू प्रदान गर्ने,

(ख) ऋणको लागि दिने दरखास्त उप–समितिले स्वीकृति गरेको ढांचाको भएमा मात्र लिने,

(ग) कुनै उद्योगसंग ऋणसम्बन्धी काम कारवाइ गर्दा आफ्नो पूँजीको संरक्षण गर्ने र सो पूजी ठीक काममा लगाइन आवश्यक देखेका शर्तहरू राख्ने,

(घ) ऋण फांटको प्राविधिक कुराहरूमा प्राविधिक कर्मचारीहरूको नियुक्ति नभएसम्म आवश्यक परेमा नेपाल औद्योगिक विकास कर्पोरेशनको प्राविधिक शाखाबाट सहयोग प्राप्त गर्ने,

(ङ) ऋण लिने सम्झौता अनुसार उप–समितिलाई बुझाउन पर्ने कुनै पेश्की वा कुनै किस्ताको रकम समयमा नबुझाएमा वा समितिको नामले उप–समितिसँग भएका सम्झौता अरू कुनै शर्त पालन नगरेमा उप–समितिसंग धितो बन्धक जमानी राखेको निजको सम्पति विक्री गरी असूल उपर गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) खण्ड (ङ) बमोजिम बिक्री गरी आएका रुपैयांबाट बिक्री तथा असूल उपर गर्ने काममा लागेको खर्च दस्तूर तथा उप–समितिलाई तिर्न बाँकी रकम कटाई बांकी भएमा बक्यौताको रकम हकवालालाई दिने ।

(३) उप–नियम (२) मा जेसुकै लेखिएको भए तापनि उप–समितिले ऋण दिएको उद्योगबाट देहायका अवस्थाहरूमा आफूले लिनुपर्ने जम्मै रकमको भुक्तानी माग्नेः–

(क) ऋण विषयमा उप–समितिसंग गरेको सम्झौताका शर्तहरू पूरा गर्न नसकेमा वा,

(ख) उद्योग आफउपर रहेको ऋण चुक्तागर्न असमर्थ छ वा सो बापत त्यसलाई लिक्विडेशनमा पठाउने कारवाही गर्न सक्छ भन्ने कुरा उप–समितिले मुनासिब कारण देखेमा वा,

(ग) ऋणको माथि दिएको दरखास्तमा कुनै खास विषयमा झुट्टा र भ्रमात्मक विवरण दिएको छ भन्ने उप–समितिलाई लागेमा वा,

(घ) उद्योगले ऋणको निमित्त जमानतको रूपमा उप–समितिसंग धितो बन्धकी राखेको सम्पत्तिको मूल्यमा न्हास भै उप–समितिले आफूलाई चित्त बुझ्ने गरी थप सम्पत्ति धितो बन्धकी वा जमानत राख्नुपर्ने ठहराएकोमा थप नराखेमा ।

(४) उद्योगले ऋणको निमित्त धितो बन्धकी वा जमानत बापत उप–समितिसंग राखेको सम्पत्ति कुनै किसिमले कच्चा नक्कली ठहरेमा उप–समितिले लिनुपर्ने रकमजति सरकारी बांकी सरह ऋणको घैघरानाबाट असूल उपर गर्न कारवाइ गर्नेछ ।

५. उप–समितिको कार्यविधिः– (१) उप–समितिको सदस्य तथा सचिवले अध्यक्षको अनुमतिलिई आवश्यकतानुसार उप–समितिको बैठक बोलाउने छ । अध्यक्षसहित अरू सबै सदस्यहरू उपस्थित भएमामात्र बैठकको कोरम पुगेको मानिने छ । बैठकको कुनै कुराको निर्णय अध्यक्षसमेत अरू सबै सदस्यहरूको एक मतद्वारा मात्र हुन सक्नेछ । मत भिन्नता भएमा समिति छेउ पेश गरी त्यसको निर्णयबमोजिम गर्नुपर्छ,उप-समितिको प्रत्येक निर्णयको सूचना समितिको अध्यक्ष र सदस्यहरूलाई दिइने छ ।

(२) उप–समितिले आफ्नो बैठकको लागि अरू कार्यविधि समितिको स्वीकृतिलाई व्यवस्थित गर्न सक्ने छ ।

(३) उप–समितिको निर्णयलिई पाटन औद्योगिक क्षेत्र ऋणफांटबाट कार्यान्वित गरिने छ ।

६. ऋणको रकमको व्यवस्थाः– उद्योगहरूलाई ऋण दिन क्षेत्रको बजेट रहेको रकम उप–समितिको नियन्त्रणमा रहनेछ । उप-समितिले ऋणहरू दिंदा सोही रकमबाट झिकीदिने छ आएको व्याज पनि सोही शीर्षकको रकममा जम्मा गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९२१

७. <u>ऋणको परिणामः–</u> कच्चा पदार्थको लागि आवश्यक हुने पूंजी ७५ प्रतिशतसम्म उप–समितिले ऋण दिन सक्ने छ ।

८. <u>ऋणको अवधिः–</u> उप–समितिले ६ वर्षको अवधिसम्मलाई ऋण दिन सक्ने छ ।

९. <u>ऋणको व्याजः–</u> उद्योगले लिने ऋणमा उप–समितिले सयकडा ४ चार व्याज लिनेछ तर नियमबमोजिम निर्धारित समयमा व्याज बुझाएमा उप–समितिले आधा प्रतिशत रिहाई दिनेछ ।

१०. <u>ऋण फिर्ता गर्ने तरीकाः–</u> उप–समितिले देहायमा लेखिएबमोजिम सांवा र व्याजको भुक्तानी लिने छः–

(क) पहिलो वर्ष सांवा र सांवाको व्याजको भुक्तानी नलिने,

(ख) दोस्रो वर्ष नाघेका ७ दिनभित्र पहिलो र दोस्रो वर्ष दुबैको हुने व्याज मात्र लिने,

(ग) तेस्रो वर्ष नाघेको ७ दिनभित्र, सांवाको २० प्रतिशत र सो वर्षको हुने व्याज लिने ।

(घ) चौथो वर्ष नाघेको ७ दिनभित्र सांवाको २० प्रतिशत र सो वर्षको हुने व्याज लिने,

(ङ) पांचौं वर्ष नाघेको ७ दिन भित्र सांवाको ३० प्रतिशत र सो वर्षको हुने व्याज लिने,

(च) छैटौं वर्ष नाघेको ७ दिनभित्र सांवाको बांकी ३० प्रतिशत र सो वर्षको हुनें व्याज लिई रकम चुक्ता लिने ।

११. <u>धितो बन्धक र जमानतः–</u> (१) उद्योगले लिने ऋणमा कति प्रतिशत धितो बन्धकी वा जमानत लिने हो सो कुरा उप–समितिले निर्धारित गर्नेछ ।

(२) उप–समितिले धितो बन्धकी वा जमानतबापत घर जग्गाको अलावा मेशिन औजार पनि लिन सक्ने छ।

(३) धितो बन्धकी वा जमानत बापत राखिने जायज्यथा उप–समितिको स्वीकृति बेगर सट्टा पट्टा वा वेच विखन गर्न नपाइने गरी शर्त उप–समितिले तोक्नु पर्छ ।

(४) कुनै उद्योगलाई ऋण दिंदा सो उद्योगमा कूल लगानीको २५ प्रतिशत ऋणको लागि निवेदन गर्ने व्यक्ति वा संस्थाले पनि राख्नुपर्ने छ ।

(५) सहकारी संस्थाहरूको लागि सहकारी विभागको ग्यारेण्टी भएमा उप–समितिले धितो विना ऋण दिन सक्ने छ ।

१२. <u>जांचबुझ गराउने र रिपोर्ट पठाउने शर्तः–</u> यी नियमहरू अन्तर्गत कुनै उद्योगलाई ऋण दिंदा उप–समितिले देहायबमोजिमका शर्तहरू राखेर मात्र ऋण दिने छः–

८५६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) ऋण लिने र उद्योगले ऋण प्राप्त गरेको मितिले हरेक महीनाको कार्यको रिपोर्ट र हर-हिसाबको फांटवारी क्षेत्रको ऋण फांट मार्फत उप-समितिमा पेश गर्ने ,

(ख) उप-समिति वा उप-समितिले खटाएको व्यक्तिले चाहेमा जुनसुकै बेलामा ऋण लिने उद्योगमा] जांचबुझ गर्न पाउने,

(ग) त्यस्तो उद्योगको साल सालको हिसाब रजिष्टर्ड अडिटरद्वारा गराउन पर्ने र सालतमाम भएको ३ महीनाभित्र अडिटरको रिपोर्टसहित साल साल उप-समितिमा पेश गर्नुपर्ने ।

१३. ऋण लिने व्यक्ति वा संस्थानहरूको विश्लेषण:— ऋण लिने व्यक्ति वा संस्थानहरूको विश्लेषण गरी उप-समितिमा रिपोर्ट पेश गर्ने काम क्षेत्रको ऋण फांटको हुनेछ ।

१४. मध्यस्थ छेउ पठाउने:- यी नियमहरूबमोजिम उप-समितिले समितिको तर्फबाट कुनै उद्योगसंग ऋणसम्बन्धी सम्झौता गर्दा सो सम्झौता र त्यसलाई कार्यान्वित गर्ने कुराका सम्बन्धमा उठ्ने झगडा ऐनको दफा ६ बमोजिम मध्यस्थ छेउ पठाउने गरी शर्त तोकी मात्र सम्झौता गर्नुपर्छ ।

१५. काम कारवाइको रिपोर्ट:- उप-समितिले आफ्नो काम कारवाइको रिपोर्ट हरेक ६।६ महीनामा समितिमा पठाउनुपर्छ ।

१६. ऋणहरू दिंदा संयुक्त दस्तखतबाट दिने:- उप-समितिको निर्णयबमोजिम ऋणहरू दिंदा उप-समितिको अध्यक्ष र क्षेत्रको ऋण फांटको अफिसरको संयुक्त दस्तखतबाट दिइने छ ।

७. उप-समितिको विघटन:- उप-समितिले चाहेमा जुनसुकै बखत उप-समितिको विघटन गर्न सक्ने छ ।

आज्ञाले-
कृष्णबम मल्ल,
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।